आज मिति २०८३/०६/१४ गते विहान ८:०० बजे बबई गाँउपालिकाका अध्यक्ष **श्री कुल बहादुर खत्री क्षेत्रीज्यूको** अध्यक्षता एवं तपशिलका सदस्यहरुको उपस्थितिमा बबई गाउँपालिका गाउँ कार्यपालिकाको आ.व. २०८३।०८४ को **तेस्रो** बैठक कार्यालयमा बसी देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो।

**उपस्थितिः**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री कुल बहादुर खत्री क्षेत्री | अध्यक्ष | |
| २ | श्री बम कुमारी खड्का | उपाध्यक्ष | |
| ३ | श्री तिलकराम भण्डारी | सदस्य (७ नं. वडा अध्यक्ष (प्रवक्ता) | |
| ४ | श्री प्रेम बहादुर डाँगी | सदस्य (१ नं. वडा अध्यक्ष) | |
| ५ | श्री टेक बहादुर वली | सदस्य (२ नं. वडा अध्यक्ष) | |
| ६ | श्री मान बहादुर के.सी. | सदस्य (३ नं. वडा अध्यक्ष) | |
| ७ | श्री टेक बहादुर वली | सदस्य (४ नं. वडा अध्यक्ष) | |
| ८ | श्री हर्क बहादुर श्रीस मगर | सदस्य (५ नं. वडा अध्यक्ष) | |
| ९ | श्री राजेन्द्र विक्रम शाह | सदस्य (६ नं. वडा अध्यक्ष) | |
| १० | श्री शान्ती परियार | सदस्य (१ नं. वडा सदस्य) | |
| ११ | श्री भिमाकुमारी बुढा मगर | सदस्य (४ नं. वडा सदस्य) | |
| १२ | श्री नोखी डाँगी | सदस्य (५ नं. वडा सदस्य) | |
| १३ | श्री सावित्रा सुनार | सदस्य (५ नं. वडा सदस्य) | |
| १४ | श्री नारायण परियार | सदस्य (कार्यापालिका सदस्य) | |
| १५ | श्री मोतिसरा वि.क. | सदस्य (कार्यापालिका सदस्य) | |
| १६ | श्री जोखिम वली | सचिव (प्र.प्र.अ.) | |
| | | | |

**सहयोगी कर्मचारी**

| | | | |
|---|---|---|---|
| १ | सचिवालय सहयोगी (प्रशासकीय अधिकृत) | श्री कृष्ण कुमार कँडेल | |
| २ | कार्यलय सहयोगी | श्री लक्ष्मी बुढाथोकी | |

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

मिति २०८३।०६।१४ गतेको गाउँकार्यपालिकाको बैठकमा बबई गाउँपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को उपनियम (१) र (३) तथा नियम ८ को उपनियम (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत गरिएका प्रस्तावहरुः

**मिति २०८३/०६/१४ गते बसेको गाउँ कार्यपालिकाको प्रथम बैठकका निर्णयहरु**

**प्रस्तावहरुः**

१. प्रतिनिधि खटाई पठाउने।

२. कानून निर्माण सम्बन्धमा।

३. सार्वजनिक सुनुवाई गर्ने।

४. कार्यविधि संशोधन गर्ने।

५. मन्दिरको जग्गा सम्बन्धमा।

६. सुकुम्बासी प्रमाणित गरी पठाउने।

७. स्वास्थ्यकर्मी करारमा लिने।

**निर्णय नं.-१**

बबई गाउँपालिका वडा नं. ५ बस्ने यज्ञ बहादुर विष्ट समेतले बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय समेतलाई विपक्षी बनाई श्री सर्वोच्च अदालतमा उत्प्रेषण रिट (नं०83wo-0192) दायर गरेको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट जारी भएको म्याद मिति २०८३।०५।२२ गते तामेल भएकोले बबई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय समेतको उक्त मुद्दामा श्री सर्वोच्च अदालतमा गई प्रतिउत्तर पत्र/लिखित जवाफ समेतका कामकाज गर्न एवं मुद्दा पूर्पक्ष समेतका कामकाज गर्नका लागि यस कार्यालयका प्रशासकीय अधिकृत कृष्ण कुमार कँडेललाई मुद्दाको लिखित जवाफ पेस गर्न/प्रतिउत्तर पत्र दर्ता गर्न एवं मुद्दा सम्बन्धी सम्पूर्ण कार्य गर्नका लागि अख्तियारिनामा दिई प्रतिनिधि खटाई पठाउने र उक्त मुद्दाको प्रतिरक्षाका चरणमा लाग्ने खर्च, कानून व्यवसायी अधिवक्ताबाट लिईने सेवाको शुल्क नियमानुसार भुक्तानी दिने।

**निर्णय नं.-२**

यस गाउँपालिकाको क्षेत्राधिकार भित्रका विषयबस्तुको काम कारवाहीलाई सरलिकृत गर्न र आवश्यक्ता अनुसार केही कानुनको निर्माण, संशोधन तथा पुनः निर्माण गर्नु पर्ने भएकोले देहायका कानूनहरु निर्माणको लागि शैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

तपशिलः

**क.** बबई गाउँपालिकाबाट स्वीकृत भएका केही कानूनमा भएको व्यवस्था समय सापेक्ष अपुग तथा अपुरो र अव्यवहारिक भई कार्यसम्पादनमा केही जटिलता देखिएकाले त्यसलाई आवश्यक्ता अनुसार सरलिकृत गरी कार्य सम्पादनमा सरलता ल्याउन बबई गाउँपालिकाका विद्यमान देहायका कानूनलाई खारेज गरी नयाँ कानून निर्माण गर्ने।

१. बबई गाउँपालिकाको नगर प्रहरी (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८०

२. बबई गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५"

**ख.** यस गाउँपालिकाको अधिकारक्षेत्रभित्र पर्ने केही कानून निर्माण गर्नु पर्ने भएकोले देहायका कानून निर्माण गर्ने।

१. जग्गा प्लटिङ सम्बन्धी कार्यविधि, २०८३

**निर्णय नं.-३**

यस गाउँपालिकाले चौमासिक रुपमा गर्नु पर्ने सार्वजनिक सुनुवाई कार्यक्रम प्रथम, द्वितीय, तृतीय र चौथो त्रैमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम क्रमशः ६ र ७ नं वडालाई समेटने गरी ७ नं वडा कार्यालयमा, ४ र ५ नं वडालाई समेटने गरी गाउँपालिकामा, ३ र २ नं वडालाई समेटने गरी ३ नं वडा कार्यालयमा र १ नं वडालाई समेटने गरी १ नं वडा कार्यालय गङ्गटेमा सञ्चालन गर्ने।

**निर्णय नं.-४**

यस गाउँपालिकाको लागि आवश्यक रहेको बबई गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ लाई देहाय बमोजिम संशोधन गर्ने।

बबई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

जोखिम वली
प्रमुख प्रशासकीय अधिकृत